नगर कार्यपालिकाको कार्यालय

# पञ्चदेवल बिनायक नगरपालिका

बिनायक, अछाम

**सामाजिक परिक्षण कार्यसंचालन सम्बन्धि सूचना**

**आर्थिक वर्ष २०७५/०७६ सूचना नं.**

***प्रथम पटक प्रकाशित मिति २०७६/०२/२४***

यस यस नगरकार्यपालिकाको कार्यालय बाट आर्थिक वर्ष २०७५/०७३६ मा सुशासन ऐन २०६३ तथा नियमावली २०६४, सुचनाको हक सम्बनधि नियमावली २०६३ , निजमति सेवा ऐन २०४९ तथा नियमावली २०५० स्वास्थ्य सेवा ऐन २०५३, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम आधारभुत स्वास्थ्य सेवाको हकलाई साकार बनाउन स्वास्थ्य सेवामा आम जनताको पहुच अभिबृद्धि गर्ने तथा यस क्षेत्रमा गरिएको लगानी को उचित प्रतिफल प्राप्तीका लागी योगदान पुर्याउने उद्धेश्यले यस नगरपालिकाको ४ वटा नया र ४ वटा पुराना स्वास्थ संस्था गरि जम्मा ८ वटा स्वास्थ्य संस्थाहरुमा सामाजिक परिक्षण कार्य संचालन गरिने भएकोले तपसिलको योग्यता भएको ईच्छुक संस्थाले आवश्यक कागजात संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क.सामाजिक परीक्षक संस्थाको योग्यता**

१. संस्था अछाम जिल्लामा दर्ता भई कम्तीमा ३ वर्ष सक्रियरूपमा कार्यरत रहेको र पानमा दर्ता भएको
२. सामाजिक परीक्षण वा सामाजिक परिचालन कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको ।
३. नेपाल सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया, स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा कार्य अनुभव भएको ।
४. नियमितरूपले वार्षिक लेखापरीक्षण गराएको र संस्था दर्ता नवीकरण गराएको र करचुक्ता गरेको प्रमाण पत्र ।
५. आफ्नो संस्थाका कार्यक्रम र योजनाको सामाजिक परीक्षण वा सामाजिक सुनुवाई गरेको अनुभवी संस्थालाई प्राथमिकता दिईनेछ

**ख.सामाजिक परीक्षक संस्थाको भूमिका**

१.सामाजिक परीक्षणका लागि निर्देशिकामा उल्लेख गरिएका निर्दिष्ट विधि र प्रक्रियाहरू प्रयोग गरी सामाजिक परीक्षणको तयारी गर्ने ।
२.नगरकार्यपालिकाको सहयोग लिएर सम्बन्धित वडा. र स्थानीय स्वास्थ्य संस्थाहरूलाई सामाजिक परीक्षण र यसका प्रक्रियाबारे सूचना गर्ने
३.स्वास्थ्य संस्थामा सामाजिक परीक्षण स्थानीय सहयोग समूह गठन प्रक्रियालाई सहजीकरण गर्ने ।
४.स्वास्थ्य संस्थामा सामाजिक परीक्षण अभिमुखीकरण सञ्चालन गर्ने ।
५.विधि र प्रक्रियाको माग बमोजिम सूचना सङ्कलनका लागि स्थान, सूचनाको स्रोत र उत्तरदाताहरू तय गरी सो बमोजिम आवश्यक जानकारी दिने र सहभागिताका लागि अनुरोध गर्ने ।
६.स्वास्थ्य संस्था र समुदाय तहबाट आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गर्ने र स्थानीय सहयोग समूहको सहयोगमा सङ्कलित सूचना/तथ्याङ्कको विश्लेषण गर्ने ।
७. स्थानीय तहमा रहेका अन्य निकायहरूसँग आवश्यकता अनुसार समन्वय गर्ने ।
८.सामाजिक परीक्षणका प्रारम्भिक एवं अन्तिम नतिजाहरू तयार गर्ने ।
९.आम नागरिकहरूलाई सामाजिक परीक्षणका प्रक्रियाहरूमा सक्रियरूपले सहभागी हुन उत्प्रेरित गर्ने र सबै सरोकारवालाहरूलाई परिचालन गर्ने ।
१०.पालिका र स्वास्थ्य संस्थास्तरमा आमभेलाको आयोजना र सहजीकरण गर्ने ।
११.आमभेलामा उपस्थित सेवाग्राही, व्यवस्थापन समिति, स्वास्थ्यकर्मी र अन्य सरोकारवालहरूको सहभागीमा कार्ययोजना तयार गर्ने
११.निर्धारित समयमा स्वास्थ्य कार्यालय लगायत अन्य तोकिएका निकायहरूमा अन्तिम प्रतिवेदन तयार गरी पेश गर्ने ।
१२.स्वास्थ्य सेवा सामाजिक परीक्षण स्थानीय समितिलाई आवश्यकता अनुसार सहयोग गर्ने र उक्त समितिको निर्देशनमा सबै काम गर्ने ।

**ग.सामाजिक परीक्षकको न्यूनतम योग्यता**

१.आवेदक व्यक्ति पञ्चदेवल बिनायक नगरपालिकाको वासिन्दा हुनुपर्ने ।
२.न्यूनतम प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको ।
३. सामाजिक परिचालन तालिम तथा गोष्ठी सहजीकरण कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको ।
४.सम्वन्धित जिल्लाको स्वास्थ्य सेवा प्रवाहे र सरकारले उपलब्ध गराउने सेवा सुविधाका विषयमा ज्ञान भएको ।
५.सूचना सङ्कलन, विश्लेषण तथा प्रतिवेदन लेख्ने सिप र अनुभव भएको ।
६.स्थानीय तहका बैठक, अभिमुखीकरण र गोष्ठीहरूको सहजीकरण गर्न सक्ने ।
७.सामाजिक परीक्षण प्रकृयामा उठेका सवाल र संन्दर्भहरुलाई परिपक्व र संयमित रुपमा सहजीकरण गर्न सक्ने सीप भएको ।

लक्ष्मीकान्त बजगाई
नि.. प्रशासकीय अधिकृत

लक्ष्मीकान्त बजगाई
प्रशासकिय अधिकृत

**प्ररम्भिक सुचीमा परेका संस्थाहरु बाट प्राबिधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ र उपयुक्त संस्थालाई छनौट गरिने छ ।**

C:\Users\dell\Desktop\Social audit bigapan 2072.doc